# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पकडी, कपिलवस्तु
## (लुम्बिनी प्रदेश, नेपाल)

वेबसाइट www.mayadevimunkapilvastu.gov.np
ईमेल : mayadevirm@gmail.com

पत्र संख्या: ०८१।८२
च.न.-

मिति: २०८१।१२।२८

**तहमिलान/तहबृद्धिका लागि आवेदन फाराम पेश गर्ने सम्बन्धी सूचना।**

**(सूचना नं.१ र सूचना प्रकाशित मिति: २०८१।१२।२८ गते)**

लुम्बिनी प्रदेश स्थानीय निजामती सेवाको गठन, संचालन र सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१ को दफा-७ बमोजिम तहमिलान र तहबृद्धि तथा सोही ऐनको दफा-३१ तथा स्थानीय निजामती सेवा नियमावली, २०८१ बमोजिम तहमिलान तथा तहबृद्धि प्रयोजनका लागि यस कार्यालयमा कार्यरत योग्यता पुगेका कर्मचारीहरुले तपसिलमा उल्लेखित कागजातसहित नियमावलीको अनुसूचि-१६ बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले ७( सात) दिनभित्र यस कार्यालयको प्रशासन शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सम्पूर्ण कर्मचारीहरुलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

**क. दफा-७ को हकमा,**

१. सक्कल निवेदन
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
३. हालको पदमा नियुक्ती /समायोजन/ बढुवा भएको प्रमाणपत्रको प्रतिलिपि
४. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपि
५. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र
६. हालसम्म विभागीय कारबाहीमा नपरेको तथा प्रचलित कानुन बमोजिम तहमिलान/तहबृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा
७. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि

**ख. दफा-३१ को हकमा,**

१. सक्कल निवेदन
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
३. हालको पदमा नियुक्ती /समायोजन /बढुवा भएको प्रमाणपत्रको प्रतिलिपि
४. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपि
५. पछिल्लो ५ वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम पेश गरेको कार्यालयको विवरण
६. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र
७. हालसम्म विभागीय कारबाहीमा नपरेको तथा प्रचलित कानुन बमोजिम तहबृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा
८. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि

..................................
नि. प्रमुख प्रशासकीय अधिकृत

राम कृष्ण तेली
नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner